# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/८०

चलानी नं. :-

मिति :- २०७९/०४/११

**सूचना नं. ३**

**वंगुर/सुंगुरमा अफ्रिकन स्वाइन फिवर रोग सम्बन्धि अत्यन्त जरुरी सूचना**

उपरोक्त सम्बन्धमा विगत केही महिना देखि नेपालको काठमांडौ उपत्यका लगायतको क्षेत्रहरुमा वंगुर/सुंगुरमा अति संक्रामक रोग अफ्रिकन स्वाइन फिवर देखा परेको र उक्त रोग देखा परेको क्षेत्रका वंगुरहरुमा शत प्रतिशत मृत्युदर रहेको र उक्त रोगको उपचारको लागी कुनैपनि उपचार पत्ता नलागेको हुनाले आफ्नो फार्ममा उक्त रोग भित्रिन नदिन तपशिल बमोजिमका रोकथामका उपाय अबलम्वन गर्नुहुन समस्त वंगुर/सुंगुर पालक कृषक हरुमा अनुरोध गर्दछौ ।

१. वंगुर/सुंगुर पालन गर्दा खोरमा थुनेर पाल्ने ।

२.वंगुरको खोरमा अनावश्यक मानिसको आवत जावत रोक्ने ।

३.वंगुर फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गर्ने ।

४. वाहिरको वथानवाट नयाँ वंगुर ल्याएमा सिधै फार्ममा रहेका वंगुर संग नमिसाई २१ दिन क्वारेन्टाईनमा राख्ने र रोग नदेखिए पछि मात्र बथानमा मिसाउने ।

५. वंगुरको खोर, फार्म र फार्म वरिपरि नियमित सरसफाई गरी चुना, फिनेल, फर्मालिन आदिले निसंक्रमण गर्ने ।

६. रोग लागेका वंगुरलाई वथानवाट छुट्याएर अलग राख्ने ।

७. मरेका वंगुर लाई गहिरो खाडलमा पुरि चुना छ्रकने।

८. घरपालुवा वंगुर/सुंगुर लाई जंगलि वदेलको सर्म्पकमा आउन नदिने।

९.वंगुर/सुंगुर लाइ होटल रेस्टुरेन्टवाट निस्कने फोहोर खाने कुरा खुवाउने गरेको भए तत्काल बन्द गर्ने वा खुवाउनै पर्ने भएमा आधा घण्टा राम्ररी उमालेर मात्र खुवाउने।

संर्म्पक नं–९८२१८१६४९५ (पशुसेवा शाखा)

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत